आज मिति २०८३/०७/१० गते यस कपिलवस्तु जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री तोय नारायण सुवेदीको अध्यक्षतामा कार्यालय प्रमुखहरूको बैठक देहायको उपस्थितिमा बसी देहाय अनुसारको निर्णय गरियो।

<u>उपस्थिति</u>

क्र.सं.	कार्यालय प्रमुखको नाम	पद	कार्यालय	मोबाइल नं.	हस्ताक्षर
१	श्री तोय नारायण सुवेदी	प्र.जि.अ.	जिल्ला प्रशासन कार्यालय कपिलवस्तु	९८५७०३७७७७	
२	गोपाल अधिकारी	स.प्र.उ.	नं. २२ गण कपिलवस्तु	९८५७२६२९९६	
३	भविष्य घिमिरे	स.प्र.नि.	जि.प्र.का	९८५७०२४६६६	
४	मनोहर प्रताप भट्ट	प्र.उ.	जि.प्र.का. कपिलवस्तु	9857015551	
५	ब्रह्मबिराम सुवेदी	उपसचिव	इलाका प्रशासन का. चन्द्रौटा	९८५७००५६६६	
६	माधव बन्जाडे	एकाइ प्रमुख	शिक्षा विकास तथा समन्वय एकाइ	९८५७०२०४९१	
७	प्रभात सापकोटा	सि.डि.व.अ.	डि.व.का.क. (कं)	९८५७०४९१[illegible]	
८	राकेश कुमार ओझा	प.प्र.अ.	वा.हे. अ.बा. कपिलवस्तु	9857051423	
९	घनश्याम चौधरी	प्रमुख	कृषि ज्ञान केन्द्र, क.व.	९८५७०४३०५८	
१०	कृष्ण प्रसाद न्यौपाने	प्र.प्र.अ.	आ.प्र.का. कृष्णनगर	९८५७०४६५२६	
११	डा. सुकई प्रसाद थारु	व.प.वि.अ.	भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, क.व.	९८५७०४२०२९	
१२	प्रेम प्रसाद देवकोटा	प्र.प्र.अ.	कृष्णनगर न.पा.	९८५७०८४९९१	
१३	नवराज सिंह थापा	नि.का.प्र.	नापी कार्यालय चन्द्रौटा	९८६५५३६६६३	
१४	गोरे ब. भण्डारी	कारागार प्रशासक	कारागार कार्यालय, कपिलवस्तु	९८६८२९१५६३	
१५	चेन बहादुर गुरुङ	स.प्र.	साल्ट ट्रेडिङ का.लि.	९८५७०[illegible]	
१६	सन्तोष रसाल	व.उ.वि.अधिकृत	घरेलु तथा साना उ.का.	९८५७०४२०६८	
१७	ई. कपिल देव बस्याल	नापी अधिकृत	नापी कार्यालय कपिलवस्तु	९८५७०४३२२८	
१८	अमृत जंग महत	अ.अ.	रा.अ.डि.का. कपिलवस्तु	९८६३८३६८९१	
१९	कविता [illegible]	इ.प्र.	जि. इलाका का. कपिलवस्तु	९८४९१९८०६९	
२०	दिनेश साह	प्र.प्र.अ.	मायादेवी गा.पा.	९८५७०४४५५९	
२१	निश्चल मोक्तान	नि.प्र.जि.अ.	जिल्ला निर्वाचन का.	९८५७०४३४३८	
२२	वशिष्ठ तिवारी	का.प्र.	स्वास्थ्य बीमा बोर्ड कावि	९८५२०४४२६३	
२३	हिमाल गौतम	प्र.प्र.अ.	महाराजगंज न.पा.	९८५७०४४६०६	

क्र.सं.	कार्यालय प्रमुखको नाम	पद	कार्यालय	मोबाइल नं.	हस्ताक्षर
२४	ईश्वरीप्रसाद पाण्डे	प्र.प्र.अ.	बाणगङ्गा नगरपालिका	९८४७४३६६९८	[signature]
२५	यमकान्त पाण्डेय	"	बुद्धभूमी न.पा.	९८५७०-८८९९९	[signature]
२६	रवीन्द्र प्र. भुषाल	प्र.को.नि.	को.ले.नि.का., कपिलवस्तु	९८५७१-४७९६५	[signature]
२७	तेज प्रसाद अर्याल	अधिकृत (जनस्वास्थ्य)	स्वास्थ्य कार्यालय कपिलवस्तु	९८४७९८७०३५	[signature]
२८	बसन्त थापा	व.डी.अ.	डि.व.का., कपिलवस्तु (गौतमबुद्ध)	९८४७२८८०६६	[signature]
२९	पदमराज श्रेष्ठ	व.प्र.अ.	कपिलवस्तु नगरपालिका	९८५७०५४२०९	[signature]
३०	डा. ललित नाथ तिवारी	आयुर्वेद चिकित्सक	क.व. आयुर्वेद सेवा केन्द्र	९८५७०५३८७४	[signature]
३१	सबिन कोइराला	डि.प्र.	लेख डिभिजन शिवपुर	९८५७०१८०६६	[signature]
३२	गोविन्द प्र. चौधरी	का.प्र.	यातायात व्यवस्था सेवा का.	9857053815	[signature]
३३	किरण बिष्ट	प्र.अ.	सुरौली मन्सार कार्यालय	9762505050	[signature]
३४	लक्ष्मण प्रसाद रवाली	का. प्र.	सामाजिक विकास डिभिजन कार्यालय	९८५७०५००९३	[signature]
३५	कोष प्र. रेग्मी	प्र.प्र.	कृषि प्रसारण का कार्यालय कपिलवस्तु	९८५७०५१५९१	[signature]
३६	हिमलाल विश्वकर्मा	प्र.प्र.अ.	विजयनगर गा.पा.	९८५७०९४८६३	[signature]
३७	विवेक ज्ञवाली	व.ई.	बाणगंगा सि.व्य.का.	9848554882	[signature]
३८	प्रतीक प्रधान	सिनियर डिभिजन इ.	हुलाकी राजमार्ग यो.का. गोरुसिंघे	9857053157	[signature]
३९	त्रिलोचन भट्टराई	के.प्र.	नि.वि.प्रा. कृष्णनगर वि.के.	9849033451	[signature]
४०	राजन ढकाल	प्र.नि.	जिल्ला प्रहरी कार्यालय	९८५७०५४९५५	[signature]
४१	नारायण प्र. डुमे	डि.प्र.	जलस्रोत तथा सिंचाइ	9857051351	[signature]
४२	बाबुराम शर्मा	का.प्र.	इलाका प्रशासन कार्यालय कृष्णनगर	९८५७०५१३३६	[signature]
४३	डा. किशोर श्रेष्ठ	मे.सु.	जि. अस्पताल	९८५९०३३०५३	[signature]
४४					
४५					
४६					
४७					
४८					
४९					

मिति २०८३।०७।१० गतेको कार्यालय प्रमुख बैठकको निर्णयहरु

१) चाडपर्वको समयमा सर्वसाधारणलाई सहज, सरल र प्रभावकारी सेवा उपलब्ध गराउन कार्यालयहरूमा स्थापना गरिएका नागरिक सहायता कक्ष (Help Desk) लाई थप प्रभावकारी बनाउने। सेवा प्रवाह गर्दा एकद्वार सेवा प्रवाह प्रणाली (One Door Service Delivery Mechanism) अवलम्बन गरी सेवाग्राहीलाई अनावश्यक झन्झट नहुने व्यवस्था मिलाउने।

२) जिल्लास्थित सरकारी कार्यालयबाट सञ्चालन हुने स्वीकृत आयोजना तथा कार्यक्रमहरूको ठेक्का प्रक्रिया बाँकी रहेको भए तत्काल प्रारम्भ गर्ने र कार्यान्वयनमा रहेका आयोजनाहरू निर्धारित समय, लागत तथा गुणस्तरीय रुपमा सम्पन्न गर्न आवश्यक अनुगमन तथा सहजीकरण गर्ने।

३) जिल्ला भित्रका विभिन्न सडकहरूमा भएका खाल्टाखुल्टी तथा क्षतिग्रस्त भएका सडकको तत्काल मर्मतसम्भार गरी यातायात आवागमन सहज, सुरक्षित र व्यवस्थित बनाउन विषयगत कार्यालयले आवश्यक व्यवस्था मिलाउने। साथै, चाडपर्वको समयमा सवारी चाप बढी हुने सडक तथा जोखिमयुक्त स्थानमा सम्भावित दुर्घटना न्यूनीकरणका लागि आवश्यक सतर्कता अपनाउने।

४) लागूऔषध दुरुपयोग तथा ओसारपसार, मानव बेचबिखन तथा ओसारपसारलगायतका सामाजिक अपराध नियन्त्रणका लागि विषयगत कार्यालयले स्थानीय तह, सुरक्षा निकाय तथा सरोकारवाला संस्थासँग समन्वय गरी लक्षित सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने र यस्ता अपराधबाट बच्न सर्वसाधारणलाई सचेत गराउने।

५) चोरी, तस्करी तथा अन्य आपराधिक गतिविधि नियन्त्रणका लागि सीमा क्षेत्र, बजार, व्यापारिक केन्द्र र सम्भावित जोखिमयुक्त स्थानहरूमा सुरक्षा निकायले नियमित गस्ती तथा निगरानी बढाउने। साथै, गैरकानुनी चिठ्ठा, जुवातास तथा अन्य गैरकानुनी गतिविधि नियन्त्रण गर्न सूचना सङ्कलन, आपसी समन्वय र कानुनबमोजिम कारबाहीलाई थप प्रभावकारी बनाउने।

६) अनलाइन सपिङका नाममा हुने अवैध कारोबार, अनलाइन स्क्याम तथा विद्युतीय माध्यमबाट हुने ठगी नियन्त्रणका लागि निगरानी र अनुसन्धानलाई प्रभावकारी बनाउने। यस्ता गतिविधिबाट हुन सक्ने आर्थिक तथा अन्य क्षतिबाट बच्न सर्वसाधारणलाई सचेत गराउने र शङ्कास्पद कारोबार वा गतिविधि देखिएमा सुरक्षा निकायमा जानकारी गराउन अनुरोध गर्ने।

७) चाडपर्वको समयमा पटका, आतसबाजी लगायतका विस्फोटक तथा निषेधित वस्तुको अवैध आयात, ओसारपसार, बिक्रीवितरण र प्रयोग नियन्त्रण गर्न सीमा क्षेत्र, बजार तथा व्यापारिक प्रतिष्ठानहरूमा निगरानी बढाउने।

८) मिति २०८३ कात्तिक ११ गतेदेखि १५ गतेसम्म प्रतिकूल मौसम प्रणालीको सम्भावनालाई मध्यनजर गर्दै सम्बन्धित कार्यालय तथा सरोकारवाला निकायले आवश्यक सतर्कता र पूर्वतयारी अपनाउने। सम्भावित वर्षाका कारण कृषि, पर्यटन, यातायात तथा जनजीवनमा पर्न सक्ने असर न्यूनीकरणका लागि आवश्यक सूचना प्रवाह गर्ने र जोखिमको अवस्थाअनुसार प्रतिकार्यका लागि तयारी अवस्थामा रहने।

९) तिहार तथा छठ पर्वको लामो बिदाको अवधिमा अत्यावश्यक सार्वजनिक सेवा तथा कार्यसम्पादन प्रभावित हुन नदिने गरी आवश्यक व्यवस्था मिलाउने साथै कार्यालय प्रमुखले जिल्ला छाड्दा प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरेर मात्र बिदामा जाने व्यवस्था मिलाउने। सरकारी सवारी बिदाको दिनमा प्रयोग गर्नु पर्ने भएमा जिल्ला प्रशासन कार्यालयवाट सवारी पास लिएर मात्र चलाउने।